नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

# विदेशी विनिमय इजाजतपत्र

इजाजतपत्र नं. **नेरा.बैंक/वि.वि.व्य.वि./इ/ट्रे/एम.२६४/०८०**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम **श्री मास्टर हिमालय ट्रेक्स एण्ड एक्स्पेडिसन प्रा.लि.** लाई यस इजाजतपत्रमा उल्लेखित शर्तहरूको अधीनमा रही विदेशी विनिमय स्वीकार गर्न यो इजाजतपत्र प्रदान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | **कारोवार गर्ने इजाजत** | : | **ट्रेकिङ व्यवसायको सिलसिलामा विदेशी मुद्रा स्वीकार मात्र गर्ने।** |
| २. | **सटही कारोवार गर्ने स्थान** | : | **ठमेल, काठमाडौं।** |
| ३. | **इजाजतपत्रको अवधि** | : | **२०८३ कात्तिक १८ गतेसम्म।** |
| ४. | **कारोवार गर्न स्वीकृत प्राप्त बैंक** | : | **हिमालयन बैंक लि., ठमेल, काठमाडौं।** |

**शर्तहरू:**

१. व्यवसायको सिलसिलामा बुझिलिएको विदेशी मुद्रा नियमानुसार आफ्नो नगदी किताबमा आम्दानी जनाई अर्को कार्यदिनभित्र दाखिला गर्नु पर्नेछ र सो सम्बन्धी कागजात मासिक रुपमा विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नु पर्नेछ ।

२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका नियम, विनियम, राष्ट्र बैंकद्वारा जारी परिपत्र, आदेश एवम् निर्देशन तथा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनहरुको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

३. कारोवारको निरन्तरता, आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको परिमाण, नीति निर्देशनको परिपालनाको स्थितिलाई दृष्टिगत गरेर मात्र अर्को अवधिको लागि इजाजतपत्र नवीकरण गर्न कारवाही चलाइनेछ ।

४. यो इजाजतपत्र आफ्नो व्यवसाय सञ्चालन गर्ने ठाउँमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

५. जुन स्थानको लागि विदेशी मुद्रा कारोवार गर्ने इजाजतपत्र दिइएको हो सोही स्थानको लागि मात्र यो इजाजतपत्र उपयोग गर्न पाइने छ ।

६. यो इजाजतपत्रको म्याद समाप्त भएको ३० दिन सम्मका लागि मात्र विदेशी मुद्रा खाता सञ्चालन गर्न सकिनेछ ।

७. कारोवार गर्ने विदेशी मुद्राको विनिमय दर सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

८. यो इजाजतपत्रको नविकरण २०८३ कात्तिक १८ गते भित्र गरिसक्नुपर्नेछ ।

९. यो इजाजतपत्र अन्य कसैलाई हस्तान्तरण गर्न पाइने छैन ।

*बालुवाटार, काठमाडौं*
*मिति:- २०८० मंसिर २५ गते।*

(चाँदनी गुप्ता)
सहायक निर्देशक

(सृजना बज्राचार्य)
उप-निर्देशक